आज मिति २०८०/०५/१८ गते दिउसो १:०० बजे यस यशोधरा गाँउपालिका, गाउँ कार्यपालिकाको आ.ब. ०८०।८१ को पहिलो बैठक गाँउपालिका अध्यक्ष श्री शिव दयाल तिवारी ज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसि निम्न बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १.श्री शिव दयाल तिवारी | अध्यक्ष | |
| २.श्री गुन्जा देबी मौर्या | सदस्य | |
| ३.श्री अब्दुल कय्युम खान | सदस्य | |
| ४.श्री मनोज कुमार चौबे | सदस्य | |
| ५ श्री सरिता त्रिपाठी | सदस्य | |
| ६. श्री अहमद अलि खाँन | सदस्य | |
| ७.श्री जुबेर अहमद मुसलमान | सदस्य | |
| ८.श्री राज कुमार जयसवाल | सदस्य | |
| ९.श्री चन्द्र प्रकाश दुबे | सदस्य | |
| १०.श्री सहाबुद्दीन मुसलमान | सदस्य | |
| ११.श्री राम अचल कोरी | सदस्य | |
| १२.श्री राम किशोर बरई | सदस्य | |
| १३.श्री अनारती लोध | सदस्य | |
| १४.श्री केवलपाती पासीन | सदस्य | |
| १५.श्री गुजराती कलवारिन | सदस्य | |
| १६.श्री लक्ष्मी देबी चमार | सदस्य | |
| १७.श्री रामचन्द्र ढकाल | सचिव | |

सहयोगी कर्मचारी

श्री निराजन राज लम्साल लेखा अधिकृत

श्री रेशम राज शर्मा प्रशासन शाखा प्रमुख

श्री अनिल कुमार ओझा सुचना प्रविधि अधिकृत

**प्रस्तावहरु**

१. आ.ब. ०७९।८० को बार्षिक समिक्षाको मिति तोक्ने सम्बन्धमा।
२. शैक्षिक संस्था, डिजिटल सेवा केन्द्र तथा स्वास्थ्य चौकीहरुको लेखा परीक्षणका लागि लेखा परिक्षक तोक्ने सम्बन्धमा।
३. गाउँपालिका स्तरीय सडक मर्मत सम्बन्धमा।
४. ऐम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि संशोधनका लागि कार्यदल गठन गर्ने सम्बन्धमा।
५. बार्थिंग सेन्टर संचालन सम्बन्धमा।
६. रिक्त पदपुर्ति सम्बन्धमा।
७. Street light जडान सम्बन्धमा।
८. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं १ माथी छलफल गर्दा आर्थिक बर्ष ०७९।८० को कार्य प्रगति सम्बन्धमा बार्षिक समिक्षा मिति २०८०।५।२५ गते जिल्ला सदरमुकाम तौलिहवामा गाउँपालिका गाउँ कार्यपालिका, विभिन्न शाखा र वडा कार्यालयहरुका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं २ माथी छलफल गर्दा यस पालिका अन्तरगत सम्पूर्ण शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु र डिजिटल सेवा केन्द्रको आर्थिक बर्ष ०७९।८० को लेखा परीक्षण गर्न १५ दिनेको सार्वजनिक सूचना प्रकाशन गरी लेखा परीक्षक सूचिकृत गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं ३ माथी छलफल गर्दा आर्थिक बर्ष ०८०।८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत पुजीगत तर्फ सडक मर्मत शिर्षकबाट रकम व्यहोर्ने गरी तपिशल अनुसारको गाउँपालिका स्तरीय सडक मर्मतका लागि रकम विनियोजन गर्ने निर्णय गरियो।

तपशिल :

| क्र स | सडक मर्मत हुने स्थान | विनियोजित रकम |
|---|---|---|
| १ | तितिर्खी गाउँको उत्तर तिलकरामको घरको अगाडी सडक वडा नं १ | |
| २ | तितिर्खा नेपाल राष्ट्रिय मा वि को अगाडी र तितिर्खा बोडिङ्ग स्कुल अगाडी सडक वडा नं १ | |
| ३ | गणेशपुर देखि बिचली भडेहर हुदैं पूर्व भडेहरको पूर्व सिमाना सम्म सडक मर्मत वडा नं २ | |
| ४ | पूर्व भडेहर गाँउमा राफातुल्ला मुसलमानको घर अगाडी नालीमा २ वटा ह्युम पाइप जडान वडा नं २ | |
| ५ | पश्चिम डीह बसन्तपुर जनर्दन गिरीको घर नजिकको सडक वडा नं ३ | |
| ६ | पंकज श्रीवास्तवको घर देखि सिंधु लालाको घर सम्म सडक मर्मत वडा नं ३ | |
| ७ | बहडिलवा गाउँको पश्चिम पोखरी नजिकको सडक मर्मत | |
| ८ | पिच सडक देखि मुडिला गाउँ सम्म सडक मर्मत वडा नं ५ | |
| ९ | भगवानपुर गाउँको मुख्य चौरहामा सडक मर्मत वडा नं ५ | |

| | | |
|---|---|---|
| १० | सुठौली पिच सडक देखि राम मिलनको घर सम्म सडक मर्मत वडा नं ५ | |
| ११ | मेन रोड देखि यशोधरा आधारभूत अस्पताल जाने सडक मर्मत वडा नं ५ | |
| १२ | कडजहवा गाउँ देखि रंगपुर जाने सडक मर्मत वडा नं ६ | |
| १३ | इटवा गाउँ देखि सेमरी गाउँ सम्म सडक मर्मत वडा नं ७ | |
| १४ | सोमडिह गाउँको पश्चिम मेन मुख्य सडक मर्मत वडा नं ७ | |
| १५ | वडा नं ८ अब्दुल कलामको बगैचा देखि उत्तर ड्रेन सम्म सडक मर्मत सिहोखोर | |
| १६ | वडा कार्यालय देखि उत्तर अन्नु शेषको घर सम्म सडक मर्मत वडा नं ८ | |
| १७ | मधुनगरा मुल नहर देखि पूर्व मूल सडक मर्मत वडा नं ८ | |
| | जम्मा | ९९००००। |

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा ऐम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि संशोधनका लागि विस्तृत अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो।

देहाय :

| | |
|---|---|
| क. श्री अब्दुल कय्युम मुसलमान | संयोजक |
| ख. श्री मनोज कुमार चौबे | सदस्य |
| ग. श्री निराजन राज लम्साल | सदस्य |
| घ. श्री कृष्णनाथ पाण्डेय | सदस्य |
| ङ. श्री अनिल कुमार ओझा | सदस्य |

५. प्रस्ताव नं ५ माथी छलफल गर्दा साविकमा वडा नं ५ र २ मा संचालनमा रहेको बैदौली बार्थिङ्ग सेन्टर र गौरी बार्थिङ्ग सेन्टरलाई प्रभावकारीरुपमा संचालन गर्न आवश्यक बजेट व्यवस्था गाउँपालिका तथा सम्बन्धित वडाको लागत साझेदारीमा संचालन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथी छलफल गर्दा आर्थिक बर्ष ०८०।८१ संघिय शसर्त अनुदान तर्फ स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार कृषि स्नातक प्राविधिक पद १(एक) र लघु उद्यम विकास सहजकर्ता पद १(एक) सेवा करारमा लिन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथी छलफल गर्दा आर्थिक बर्ष ०८०।८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार यशोधरा गाउँपालिका वडा नं,मर्यादपुर देखि सुठौली भन्सार हुदै यशोधरा अस्पताल सम्म Street light जडानका लागि स्वीकृत बजेट रु १००००००।- अक्षरेपी (दश लाख मात्र) अन्तरगत रही खरिद प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. प्रस्ताव नं ८ विविध अन्तरगत यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु, वडा कार्यालयमा कार्यरत वडा सचिवहरुलाई आर्थिक बर्ष ०७९।८० मा दिइएको खाजा सुविधा तथा इन्धन सुविधा यस आर्थिक बर्ष ०८०।८१ मा समेत निरन्तरता दिने निर्णय गरियो।

९. प्रस्ताव नं ८ विविध अन्तरगत वडा नं १ तितिर्खी स्वास्थ्य चौकीमा ल्याब स्थापना गरी सेवा संचालनको व्यवस्था मिलाउने निर्णय गरियो।